नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ

फोन नं. ०२१-५०३०४०
इमेल: pmamp.piumorang@gmail.com
वेभसाइट: piumorang.pmamp.gov.np

# प्रस्ताव आह्वान सम्बन्धि सूचना

## सुचना नं.-५

## दोस्रो पटक प्रकाशित मिति :२०८०/०८/१३ गते

(प्रथम पटक प्रकाशित मिति :२०८०/०६/१० गते)

यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, मोरङको आ.व. २०८०/८१ को सुचना नं १ मा प्रकाशित सुचनामा तपसिल वमोजिमको कार्यक्रमहरुमा प्रयाप्त आवेदन नआएको हुनाले पुन सुचना प्रकाशन गरिएको छ ।वार्षिक स्वीकृत कार्यक्रम अनुसार "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल - २०७७" बमोजिमको शर्तहरुको अधिनमा रही तपसिलका कार्यक्रम कार्यान्वयन गर्नका लागि धान जोन प्रभाव क्षेत्र (मोरङ जिल्लाको रतुवामाई न.पा. वडा नं. ६,७,८,९,१० र सुनसरी जिल्लाको रामधुनी न.पा. वडा नं ६,७ /गढी गा.पा. वडा नं ३,४ /दुहवी न.पा. वडा नं. ११,१२/ ईटहरी उप.म.न.पा. वडा नं १५) , माछा जोन प्रभाव क्षेत्र (मोरङ जिल्लाको कटहरी गा.पा./धनपालथान गा.पा./रंगेली न.पा/सुनवर्षि न.पा./ग्रामथान गा.पा.का सम्पुर्ण वडाहरु र सुनसरी जिल्लाको बराहक्षेत्र न.पा./रामधुनी न.पा./इनरुवा न.पा. वडा नं. ३/कोशी गा.पा. वडा नं ३), तरकारी जोन प्रभाव क्षेत्र (मोरङ जिल्लाको जहदा गा.पा. का वडा नं. ३,४/कटहरी गा.पा.का वडा नं. २,३, ४,६ र सुनसरी जिल्लाको देवानगंज गा.पा. वडा नं.१,२,३,४,५,६ / वर्जु गा.पा. वडा नं. ५), अदुवा/वेसार जोन प्रभाव क्षेत्र (सुनसरी जिल्लाको धरान उ.म.न.पा. का सवै वडाहरु/ बराहक्षेत्र न.पा. वडा नं.१,२,३,४,५,६,७ ), वंगुर जोन प्रभाव क्षेत्र (सुनसरी जिल्लाको ईटहरी उ.म.न.पा. वडा नं १८ र १९/बराहक्षेत्र न.पा. वडा नं.१,२,३,४,५,६,७,१०,११ /रामधुनी न.पा. वडा नं.२,३,४,६,७,८,९ र धरान उपमहानगरपालिका वडा नं. ४, ५, ६, ८,१५, १७,१९,२०) का सूचिकृत भएका कृषक समुह/कृषि सहकारी/जल उपभोक्ता समिति /कृषि उद्यमी /फर्म /कम्पनीहरुले पुन सुचना प्रकाशित भएको मितिले १५औ दिन (२०८०/०८/२७ गते) भित्र कार्यालय समयमा तपसिलका आवश्यक कागजातका साथ प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कार्वाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

## तपसिल

**मोरङ जिल्ला प्रभाव क्षेत्र**

| क्र.सं. | कार्यक्रमको नाम | लक्ष्य | बजेट (रु लाखमा) | कार्यक्रम सञ्चालन हुने क्षेत्र | अधिकतम अनुदान | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्याकेजिङ, लेबलिंग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रम(अन्य) | १ पटक | ५.४ | तरकारी जोन प्रभाव क्षेत्र | ८५ % वा बढिमा ५.४ लाख प्रति कार्यक्रम | • उत्पादन उपरान्तका लागि आवश्यक उपकरण ड्रायर,प्याकेजिङ्गका लागि भ्याकुम प्याकेजर, प्याकेजिङ्ग सामाग्री (कार्टुन, बोरा, प्लाष्टिक, बक्स), भण्डारण तथा संकलन पुर्वाधार आदि |
| २. | सिंचाई सुविधा अभिवृद्धि कार्यक्रम (मोटर ,सेक्सन पाइप/डेलिभरीपाइप) | ५ पटक | २० | तरकारी जोन प्रभाव क्षेत्र | ५०% वा बढिमा ४ लाख प्रति कार्यक्रम | • कृषक समुह / कृषि सहकारी / जल उपभोक्ता समिति / कृषि उद्यमी / फर्म / कम्पनी<br>• कार्यालयले उपलब्ध गराएको फारम अनुसार लागत अनुमान सहितको प्रस्ताव पेश गर्नु पर्ने |
| ३. | स्थानिय तहको लागत सहभागितामा वीउ श्रोत केन्द्र स्थापना | १ संख्या | २०.१५ | धान तथा तरकारी जोन प्रभाव क्षेत्र | ५०% वा बढिमा २०.१५ लाख | • स्थानिय तहको समन्वयमा वीउ श्रोत केन्द्रको ५० प्रतिशत लगानी प्रतिवद्धता भएको लागत अनुमान सहितको प्रस्ताव पेश गर्नु पर्ने । |

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाइ

मोरङ

फोन नं. ०२१-५०३०४०
इमेल: pmamp.piumorang@gmail.com
वेभसाइटः piumorang.pmamp.gov.np

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | चक्लावन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माँग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग(अन्य) | २ संख्या | २० | धान तथा तरकारी जोन प्रभाव क्षेत्र | ५०% वा बढिमा १० लाख प्रति कार्यक्रम | • चक्लाबन्दीमा धान तथा तरकारी खेति गर्न इच्छुक कृषक समुह / कृषि सहकारीले पेश गर्नु पर्ने<br>• समूह/सहकारीको हकमा कम्तिमा १५ हेक्टर क्षेत्रफल जग्गा हुनु पर्ने।<br>• उपलब्ध हुने सुविधाहरु-कृषि पुर्वाधार निर्माण , बीउ , प्राङ्गारिक मल/सुक्ष्म तत्व, विषादी , कृषि औजार/उपकरण आदिमा अनुदान उपलब्ध गराउने प्रविधि र प्राविधिक सेवा टेवा उपलब्ध गराउने बजारिकरणमा सहयोग गर्ने।<br>• जग्गा धनी पुर्जाको प्रतिलिपि। जग्गा आफ्नै स्वामित्व भएको वा कम्तिमा १० वर्षको करार सम्झौता भएको।<br>• तोकिएको कार्यविधि अनुसार प्रस्ताव तयार गरी पेश गर्नु पर्ने । |

## आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :

रु १० को टिकट सहितको अनुसुचि १० बमोजिमको निवेदन फारम।

२. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

३. संस्थाको दर्ता प्रमाणपत्र तथा निर्णयको प्रतिलिपि ।

४. संस्थाको गत आ.व.२०७९/८० को कर चुक्ता ,दर्ता प्रमाणपत्र र जग्गाको मालपोत तिरेको रसिद ।

५. जग्गाको चारकिल्ला खुलेको प्रमाणपत्र तथा ब्लुप्रिन्ट नक्सा।

६. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा कम्तीमा ५ वर्षको सम्झौता पत्र ।

७. सम्बन्धित वडा /स्थानिय तहको सोही प्रकृतिको कामको लागि अनुदान नलिएको र सडक, सिचाई, विधुत, वित्तीय संस्थाको पहुंच, वजारको व्यवस्था खुल्ने गरी सिफारिस पत्र।

८. स्थानिय तहको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना /सुदृढिकरण कार्यक्रममा स्थानिय निकाय समन्वयको प्रतिवद्धता पत्र।

९. निर्माण प्रकृतिको कामको लागि लागत स्टीमेट डिजाईनमा तथा स्पेसिफिकेसन समेत पेश गर्नुपर्नेछ।

## विशेष नोटः

- समबन्धित आवेदक (समुह,संस्था फर्म आदि)को आधिकारिक व्यक्ति स्वंय उपस्थित भई दर्ता गराउनुपर्ने छ ।
- विगत दुइ आ.व. भित्र अनुदान नलिएका कृषक समुह/कृषि/जल उपभोक्ता समिति/कृषि सहकारी/कृषि उद्यमी/फर्म/कम्पनिहरुलाइ छनौटमा प्राथमिकता दिइने छ ।

थप जानकारीको लागि परियोजना कार्यान्वयन एकाइ मोरङको फोन नं. ०२१-५०३०४०/ कृषि प्राविधिक ९८०४३११८४९/ ९८१०५९६४०६ र जोन प्राविधिक एकाइ सुनसरीको फोन नं. ०२५-५६०६७४/ कृषि अधिकृत ९८५२०६०१२४ मा सम्पर्क राख्न सकिने छ ।

मनोज कुमार यादव